# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड २] काठमाडौं भाद्र १० गते २००६ साल [संख्या ३

## भाग १

## श्री ५ महाराजाधिराजका सेक्रेटरीयट
## नारायणहिटी दरबार काठमाडौं

नं. ओ. १.

मिति २००६ साल श्रावण ३१ गते रोज ६।

शाही परामर्शदाताहरूको सल्लाहले श्री ५ महाराजाधिराजबाट जारी गरीबक्सेको आज्ञा।

## परामर्शदाताहरूको काम कर्तव्य।

१. श्री ५ महाराजाधिराजका परामर्शदाताको मासिक तलब मोरू. १०००। एक हजार रुपियाँ। ठेकिएको छ। परामर्शदाताले एउटा सरकारी मोटरकार तथा सरकारी खर्चमा एकजना। ड्राइभर पनि पाउनेछ।

परामर्शदाताको निवासस्थानमा एकेकजना पुलीस पहरा राखिनेछ र परामर्शदाताहरूमध्ये जजसले चाहन्छन, तिनलाई एक जना अर्दली पनि दिइनेछ।

९०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्रीखड्गमानसिंहबाहेक अरू सबै परामर्शदाताहरू आफआफ्ना घरमा रहिरहेका छन् । श्रीखड्गमानसिंह हाल बसिरहेको घरमै रहनेछन् र सो घरको घरभाडा सरकारको तर्फबाट दिइनेछ ।

परामर्शदाताको पर्सनल स्टाफमा:—

एकजना पर्सनल असिस्टेन्ट तथा

तीन जना अर्दलीहरू रहनेछन् ।

पर्सनल असिस्टेन्टचाहिं स्थायी सरकारी नोकरीमा रहेका एकजना कर्मचारीलाई परामर्शदाताले छानी लिन पाउनेछ ।

२. मध्यान्हको पहिले परामर्शदाताहरू सिंहदरबारमा आफ्ना २ आफिसमा उपस्थित रहनेछन् । बिदाको दिनमा बाहेक सकभर अरू प्रत्येक दिन श्री ५ महाराजाधिराजका सुविधाअनुसार मध्यान्हपछि तोकिएको समयमा परामर्शदाताहरू नारायणहिटी दरबारमा सभामा हाजिर हुनेछन् । त्यस्ता सबै सभामा श्री ५ महाराजाधिराजबाट सभापतिको आसन ग्रहण गरिबक्सिनेछ र मौसूफको अनुपस्थितिमा मौसूफबाट नियुक्त गरिबक्सेको व्यक्ति सभापति हुनेछन् ।

३. नेपाल सरकारद्वारा गरिने तथा हुनपर्ने सबै कुरामा आवश्यक, महत्वपूर्ण तथा प्रधान निर्णयहरू परामर्शदाताहरूका उक्त सभामा निश्चय हुनेछ । श्री ५महाराजाधिराजका अनुपस्थितिमा परामर्शदाताहरूको सभाले गरेको निर्णयहरु श्री ५ महाराजाधिराजका स्वीकृति प्राप्त भएपछि मात्र लागू हुनेछ ।

परामर्शदाताहरूले आफआफ्ना मातहतका सरकारी विभागहरूद्वारा सो सभाको निर्णयानुसार निपुणतासाथ ढिलाई हुन नदिई तुरुन्तै शीघ्रतापूर्वक कामकाज गराई सोबमोजिम भएको काम कारबाहीको रिपोर्ट श्री ५ महाराजाधिराज तथा परामर्शदाताहरूको सभामा पेश गर्नुपर्दछ ।

४. माथि लेखिएका कुराबाट निर्णय जति श्री ५ महाराजाधिराज तथा मौसूफका परामर्शदाताहरूको संयुक्त सभाबाट हुने र त्यसरी भएको निर्णयानुसार काम



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

काज पूरा गर्ने तथा संपादन गर्ने कामको सारा उत्तरदायित्वचाहिं परामर्शदाताहरू तथा तिनीहरूका मातहतमा रहेका सम्बन्धित विभागहरूमा रहने कुरा स्पष्ट छ। यस प्रयोजनका निमित्त देहायमा लेखिएका विषय तथा विभागहरूको विभाजनको आज्ञा जारी गरिबक्सेको छः—

(१) श्री ज. केशर शमशेर———(क) साधारण राज्यव्यवस्था,
(ख) अर्थ र
(ग) रक्षा।

(२) श्री मे. ज. महावीरशमशेर —(क) गृह र
(ख) योजना तथा विकाश।

(३) श्रीखड्गमानसिंह ———(क) परराष्ट्र र
(ख) मालपोत तथा वन।

(४) श्री ले. ज. सुरेन्द्रबहादुर वस्नेत— उद्योग, वाणिज्य, खाद्य तथा सिभिल सप्लाइज।

(५) श्री काजी माणिकलाल ——(क) पब्लिक वर्कस र संचार,
(ख) कानून तथा संसदीय प्रवन्ध र
(ग) स्वास्थ्य तथा स्थानीय स्वायत्त शासन।

५. श्री ले. ज. सारदाशमशेरलाई नेपाल सरकारको शिक्षासम्बन्धी सल्लाहकार नियुक्त गरिबक्सेको छ। शिक्षाविभागको शासनव्यवस्था तथा कार्यभार निजलाई सुम्पिएको छ। निज सल्लाहकार श्री ५ महाराजाधिराजप्रति जवाफदेही हुनेछन्। श्री ५ महाराजाधिराजका आज्ञा लिन पर्ने आवश्यक सबै कुरामा निजले श्री ५ महाराजाधिराजका आज्ञा लिनेछन्। शिक्षासम्बन्धी सल्लाहकार कुनै परामर्शदाताको मातहत नभए तापनि परामर्शदाताहरूले शिक्षा सम्बन्धी कुरामा छलफल गर्ने र श्री ५ महाराजाधिराजछेउ आफ्ना शिफारीस



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पेश गर्न सक्नेछन् र त्यसरी पेश भएका शिफारीस उचित ठहरेमा श्री ५ महाराजाधिराजबाट शिक्षासम्बन्धी सल्लाहकारलाई आज्ञा बक्सिनेछ।

६. नेपाल राज्यभरका कर्मचारीहरूमा माथिदेखि लिएर सबभन्दा तल्लो दर्जासम्म सबै तहमा इमान्दार राजभक्त तथा जनताप्रति सहानुभूति भएका तटस्थ अपक्षपाती कर्मचारीहरूले बनेका शासनव्यवस्था तुरुन्तै कायम गर्नु परामर्शदाताहरूको सर्वप्रथम कर्तव्य हुनेछ। परामर्शदाताहरूले निम्न लिखित कुराहरूमा विशेष ध्यान दिनुपर्दछ।

[१] आफ्ना मातहतका विभागहरूको वैज्ञानिक ढंगबाट पुनर्गठन,

[२] यस्ता सबै विभागहरू र सो विभागहरूका मातहतका सबै अड्डाहरूमा आधुनिक र प्रजातान्त्रिक-पद्धतिअनुसार कामकाज गर्ने तथा चलाउने तरिकाको व्यवस्था।

[३] सम्पूर्ण प्रशासन यन्त्रबाट बेइमान, भ्रष्टाचार, अयोग्य तथा जालझेल गर्ने कर्मचारीहरूलाई हटाई तिनीहरूको ठाउँमा कडा परिश्रमका साथ-साथै स्वार्थ औ राजनैतिक नियतले बिलकुलै रहित भै सरकारी काम भक्तिपूर्वक निपुणताका साथ गर्न सक्नेहरूको निमित्त स्थान बनाउने।

[४] सबै अड्डाहरूमा यथार्थ आवश्यकताको ख्याल गरी चाहिनेभन्दा बढी कर्मचारीहरूको नियुक्ति नगरी चाहिने कमसेकम कर्मचारीहरूलाई मात्र योग्यता र निपुणताको एकमात्र विचार राखी नियम र सिद्धान्तबमोजिम नियुक्ति गर्ने कुराको समुचित प्रबन्ध गर्ने।

[५] जनताको आवश्यकता र दुःख कष्टलाई यथोचित ध्यान र प्रधानता दिई प्रत्येक कर्मचारीले सकेसम्म बढीसेबढी मात्रामा काम गराउने निश्चितरूपले प्रबन्ध गर्ने।

[६] सबै कर्मचारीहरूको निमित्त भर्ना, प्रमोशन, ग्रेड, नोकरीको सुरक्षा, चालचलन व्यवहार अनुशासनसम्बन्धी ऐनसवाल निय-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

महरूको उचित तर्जुमा गर्ने र त्यस्ता ऐनसवाल नियमहरूको कुनै हालतमा पनि भंग वा अपवाद हुन नदिई दृढतापूर्वक लागू गराउनालाई निश्चितरूपले प्रबन्ध गर्ने ।

७. शासनव्यवस्थाको प्रत्येक खण्ड हाँगाबिंगाको निमित्त ऐनसवाल नियमहरूको तर्जुमा गर्ने र सोबमोजिम कामकाज होस् र त्यस्ता ऐनसवाल नियमहरूको बर्खिलाप कुनै काम नहोस् भन्नाखातिर निश्चितरूपले प्रबन्ध गर्ने ।

७. आफ्ना मातहतका सबै कर्मचारीहरूलाई तोकिएको ठीक समयमा हजूर हाजिर भई तोकिएको पद्धतिअनुसार ऐनसवाल नियमबमोजिम काम गर्ने गराउने र काम सकभर बढीसेबढी उत्तरदायित्व र अभिभारा हुनेछ । साथै आफ्ना मातहतका सबै सरकारी कर्मचारीहरूलाई राजनैतिक सभा छलफल बहस आदिबाट बिलकुल पृथक् भई राजनैतिक पक्षपातबाट फरक रही तिनीहरूको निमित्त बनेको ऐनसवाल नियमबमोजिम राजभक्ति र इमान्दारीका साथ काम गर्ने गराउने प्रत्येक सरकारी सेक्रेटरी र अड्डा २ का मुख्य अफिसरको कर्तव्य हुनेछ ।

८. यसभन्दा पहिले मन्त्रिमण्डलमा पेश गर्ने गरिआएको सम्पूर्ण विषयहरू वा दुइ वा दुइभन्दा बढी विभागहरूको सम्मति चाहिने सबै कुरा वा नीति [पलिसी] का कुरा वा आवश्यक महत्वपूर्ण वा प्रधान निर्णय चाहिने सबै विषय वा कुराहरू श्री ५ महाराजाधिराज तथा मौसूफका परामर्शदाताहरूको सभामा नित्य नियमितरूपले पेश गर्ने गराउने प्रत्येक सेक्रेटरीको उत्तरदायित्व हुनेछ ।

९. श्री ५ महाराजाधिराज तथा मौसूफका परामर्शदाताहरूको सभामा पेश गर्ने तरिका तल लेखेबमोजिम हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सबैभन्दा पहिले विभागीय सेक्रेटरीले यथार्थ कुरा, आवश्यकताको कारण, प्रस्ताव, सो प्रस्तावित कुरा किन न्याययुक्त छ भन्ने कुराको बयान र आफ्नो शिफारीस राय ठहरसमेत देखाई एउटा लिखित मेमो तैयार पार्नुपर्दछ । प्रस्तुत विषयमा अर्को कुनै विभागको पनि सम्मति चाहिएमा वा चाहिने देखिएमा, सो लिखित मेमो सम्बन्धित अर्को विभाग वा विभागहरूको सेक्रेटरीकहाँ पठाउनुपर्दछ र त्यस्ता मेमो पाएपछि जुन विभागका सेक्रेटरीले पाएको छ, त्यसले पनि राम्ररी विचार गरी त्यसमा आफ्नो विचार शिफारीस राय ठहर लेख्नुपर्दछ । यसरी अन्तर्विभागीय सल्लाह विचार विमर्श भैसकेपछि सम्बन्धित परामर्शदाताछेउ पेश हुनपर्दछ र निज परामर्शदातामार्फत श्री ५ महाराजाधिराज तथा मौसूफका परामर्शदाताहरूको सभामा पेश हुनुपर्दछ । यस प्रयोजनको निमित्त सम्बन्धित विभागीय सेक्रेटरीले जुन २ विभागहरूसित विचारविमर्श सल्लाह भएको हो, सो सो विभागहरूको राय सिफारीससमेत गाभी एउटा एकत्रित कन्सोलिडेटेड मेमो बनाई श्री ५ महाराजाधिराजका परामर्शदाताहरूमा सर्कूलेट गर्नालाई त्यस्ता मेमोको दश १० प्रति श्री ५ महाराजाधिराजका सेक्रेटरीमा पठाउनुपर्दछ । सो विषयको छलफल र निर्णयलाई तोकिएको दिनमा सम्बन्धित परामर्शदाताले सो विषयसम्बन्धी सम्पूर्ण फाइल सभामा ल्याउनुपर्दछ ।

१०. विभिन्न विभागहरूको उचित पुनर्गठन भैसकेपछि परामर्शदाताहरूले आफ्ना २ मातहतका सबै विभागहरूको निमित्त प्रोग्राम तैयार पार्न लगाई सो प्रोग्राम श्री ५ महाराजाधिराज तथा मौसूफका परामर्शदाताहरूको सभामा पेश गर्नुपर्दछ । सो सभामा कुनचाहिं प्रोग्राम कुन क्रममा पहिले कार्यान्वित गर्ने हो, सो कुराको निर्णय भै नेपाल सरकारको प्रोग्राम तैयार हुनेछ ।

हुकुम बक्सेबमोजिम

गोविन्दनारायण,

श्री ५ महाराजाधिराजको सल्लाहकार तथा सेक्रेटरी ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# सूचना

नारायणहिटी दरवारमा १५ अगस्त १९५२ को दिउसो ३ बजे श्री ५ महाराजाधिराज र उहाँका काउन्सिलरहरूसमेतको दोस्रो बैठकमा निर्णय भएको केही सारांश तल दिइएको छ।

बुश कमिटीको सिफारीशअनुसार शासन कार्य सञ्चालनलाई ११ विभागमा विभाजित गरिएको छ। तल दिइएका विभागहरू केही कालका लागि निम्नाङ्कित सेक्रेटरीहरूको अधीनमा सुम्पिएको छ बुश कमिटीको रिपोर्टको आधारमा यी नियुक्तिहरुमा आवश्यकतानुसार केही फेर बदल पनि हुनसक्छ।

| विभाग। | नाम। |
|---|---|
| १ साधारण राज्यव्यवस्था—विभाग — — | श्रीअच्युतराज। |
| २ परराष्ट्रविभाग — — — | श्रीनरेन्द्रमणि आ. दी। |
| ३ रक्षाविभाग — — — | श्रीमे. ज. सोभागजंग। |
| ४ अर्थविभाग — — — | श्री ले. क. हिमालयशमशेर। |
| ५ गृहविभाग — — — | श्रीसर्दार गुञ्जमानसिंह। |
| ६ मालपोत र वनविभाग — — | श्रीचन्द्रबहादुर थापा। |
| ७ वाणिज्य, उद्योग र सिभिल सप्लाइज — | श्रीनीरराज। |
| ८ वर्क र संञ्चारविभाग — — | श्रीप्रेमनरसिंह। |
| ९ शिक्षा, स्वास्थ र स्वायत्त शासनविभाग - | श्रीटंकप्रसाद। |
| १० योजना विकाश विभाग — — | श्रीभीमबहादुर पाँडे। |
| ११ ऐन र संसदीय प्रबन्धविभाग — — | श्रीतिलकशमशेर थापा। |

श्री ५ महाराजाधिराजका सल्लाहकार र

सेक्रेटरी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।